श्री ५ को सरकार

## कानून तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारण जनताका जानकारीका लागि प्रकाशित गरिएको छ।

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपाल तारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम्।

## २०१५ सालको ऐन नं. २६

### मुलुकी ऐन अदालती बन्दोबस्तको महल संशोधन ऐन

अदालती बन्दोबस्तको ऐन (यसपछि मूल ऐन भनिएको) संशोधन गर्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट मन्त्रि-परिषद्को सलाहअनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यस ऐनको नाम मुलुकी ऐन अदालती बन्दोबस्त (संशोधन) ऐन, २०१५ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल ऐनको २१ नं. मा संशोधनः- मूल ऐनको २१ नं. को देहाय १ दफाको आखिरमा निम्नलिखित शब्दहरू थपिएको छः-

बारेस राख्ने झगडियाले पनि बाटाको म्याद बाहेक १५ दिनभित्र मुद्दा मुलतबी रहेको अड्डा अदालतमा हाजिर हुन जानुपर्छ।

३. मूल ऐनको ४६ नं. मा संशोधनः- मूल ऐनको ४६ नं. को देहाय ५ दफाका देहाय दफा ४ पछि निम्नलिखित दफाहरू थपिएको छः-

(५) उजूरले झिकन नसकने मुद्दामा जङ्गीमा जागीर बहाल रहेका जागीरदारले यसै ५ दफाको ४ दफा बमोजिम आफू बहाल भई काम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी रहे बसेका ६ दफामा लेखिएका इलाका अड्डामा प्रति वादी दिन ल्याएमा लिई मुद्दा परेका अड्डामा चलान गरी पठाई त्यस जागीरदारलाई आफू हाजिरभई काम गरी रहे बसेकै ठाउँमा हाजिर हुने गरी तारिखमा राखि ४ दफा बमोजिम गर्नु पर्छ।

(६) जागीर भए, काम गरी रहे बसेका इलाका अड्डामा प्रतिवादी दिन ल्याएमा नजिकमा अदालत अमिनी भए सोही अड्डामा, सो अड्डा नभए अपील सुन्ने अड्डामा, सो अड्डा पनि नभए अरू भएका अड्डामा दिनु लिनुपर्छ।

४. मूल ऐनको ६२ नं. मा संशोधनः- मूल ऐनको ६२ नं. को सट्टा देहायको ६२ नं. राखिएको छः-

६२. ऐनले वारेस लाग्ने मुद्दामो वारेस अख्तियार लिंदा दिंदा बहालवाला सरकारी कर्मचारी वा घूस वा कीर्ते वा चोरी वा डाँकामा सजाय पाएका व्यक्तिलाई दिन लिन हुँदैन, त्यस्ता बाहेक अरूलाई दिनु लिनु पर्छ।

तर—

(क) एका घरसंगै रहे बसेका जुनसुकै नातेदार मध्ये कसले कसैलाई वारेस दिनु लिनु परेमा यस दफाको कुनै कुराले र

(ख) अलग रहे बसेका नातेदार मध्ये ऐनले अपुताली खान पाउनेसम्मका नाताकार छोरीबेटी माइती मावली ससुराली तर्फका नातामा छोरी, दिदी, बहिनी, फूपु, बाबू, आमा, दाज्यू, भाई, मामा, भानिज, भान्जी, सासु, ससुरा, जुवाई यति नाताका कसले कसैलाई वारेस दिनु लिनु परेमा यस दफाको सरकारी बहालवालाकर्मचारी भन्ने कुराले, बाधा पुऱ्याउने छन।

लालमोहर सदर मिति २०१५।१२।३१

आज्ञाले—
मीनबहादुर जोशी
श्री ५ को सरकारका का. मु. नायब सचिव
कानून तथा ससदीय प्रबन्ध मन्त्रालय.

९६ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।